लोकतन्त्रप्रति पूर्ण समर्पित

साप्ताहिक

# नयाँ विमर्श

प्रेस काउन्सिल नेपालबाट "क" वर्गमा वर्गीकृत

Naya Bimarsha Weekly

वर्ष २०, अंक १०, २०८३ असोज १६ गते शुक्रबार (Oct. 02, 2026) मू.अ.क.नं.३०४९७३८१५ मूल्य रु.१०।- (संस्थागत रु.१५।-)

website: www.nayabimarsha.com

## रास्वपामा बढ्दो दूरी, थपियो सत्ताको संशय



काठमाडौं/ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) भित्र सभापति रवि लामिछाने र वरिष्ठ नेता तथा प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) बीचको सम्बन्धलाई लिएर पछिल्लो समय विभिन्न चर्चा हुन थालेका छन्। सार्वजनिक रूपमा दुवै नेताबीचको दूरीबारे स्पष्ट धारणा नआए पनि पार्टी र सरकार सञ्चालनका विषयमा फरक बुझाइ देखिन थालेको अनुमान राजनीतिक वृत्तमा हुन थालेको छ।

यही पृष्ठभूमिमा पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरालाई मध्यरातमा प्रहरीले नियन्त्रणमा लिएर करिब १२ घण्टापछि छाडेको घटनाले सत्ता राजनीतिलाई थप तरंगित बनाएको छ। प्रहरीले सुरक्षा जोखिमका कारण उनलाई सुरक्षित स्थानमा लगिएको बताएको छ। उनलाई किन नियन्त्रणमा लिनुपर्‍यो

बाँकी ७ पृष्ठमा

# महाधिवेशनको तयारीमा कांग्रेस

## गुटको समस्या

## देउवा आयोगमा

भक्तपुर/ नेपाली कांग्रेसको १५औं महाधिवेशनको मिति नजिकिँदै जाँदा पार्टीभित्रको राजनीतिक दूरी झन् स्पष्ट हुँदै गएको छ। पार्टीको एउटा पक्ष निर्धारित समयमै महाधिवेशन सम्पन्न गर्ने तयारीमा जुटेको छ भने निवर्तमान सभापति शेरबहादुर देउवा पक्षले त्यसैलाई स्वीकार नगरी अर्को प्रक्रियाबाट अघि बढ्ने संकेत दिएको छ। यसले कांग्रेसभित्रको लामो समयदेखिको गुटगत असहमति अब संगठनको नियमित गतिविधिभन्दा माथि उठेर महाधिवेशनकै स्वरूपसँग जोडिन पुगेको छ। असोज १८ गते महाधिवेशन उद्घाटन गर्ने गरी सभापति गगनकुमार थापा नेतृत्वको कांग्रेसले प्रतिनिधि छनोटको काम अघि बढाइरहेका बेला देउवा पक्षले असोज १६ गतेदेखि आफ्नै प्रक्रियाबाट महाधिवेशनको काम अघि बढाउने कार्यतालिका सार्वजनिक गरेको हो। यससँगै एउटै पार्टीभित्र महाधिवेशनको मिति र प्रक्रियामै फरक धार देखिएको छ।

थापा नेतृत्वमा रहेको कांग्रेसले यसअघि नै विभिन्न तहका अधिवेशन र प्रतिनिधि छनोटका लागि आफ्नो कार्यतालिका सार्वजनिक गरिसकेको छ। सोहीअनुसार अहिले संगठनका तल्ला तह हुँदै महाधिवेशन प्रतिनिधि छनोटको काम




अघि बढिरहेको छ। कांग्रेसको आधिकारिक संरचनाले महाधिवेशनलाई निर्धारित समयमै सम्पन्न गर्ने तयारी गरिरहेको अवस्थामा देउवा पक्ष भने पार्टीको वर्तमान नेतृत्व र त्यसले अघि बढाएको प्रक्रियामाथि नै प्रश्न उठाउँदै अलग्गै तयारीमा लागेको हो। पूर्वमहामन्त्री शशांक कोइरालाको संयोजकत्वमा देउवा पक्षले आफ्नो महाधिवेशनसम्बन्धी कामलाई अगाडि बढाएको छ। पछिल्लो पटक उसले आफ्नो कार्यतालिका निर्वाचन आयोगमा समेत बुझाएपछि कांग्रेसभित्रको विवाद राजनीतिक तहबाट संस्थागत निकायसम्म पुगेको छ।

### विवाद मितिभन्दा गहिरो

कांग्रेसमा अहिले देखिएको समस्या केवल कुन दिन महाधिवेशन गर्ने भन्नेमा सीमित छैन। यसको पछाडि पार्टीको नेतृत्व कसले गर्ने, कुन केन्द्रीय समिति आधिकारिक हो र त्यसैको आधारमा हुने अधिवेशनलाई पार्टीको वैधानिक महाधिवेशन मान्ने भन्ने गम्भीर प्रश्न जोडिएको छ। यही विषयलाई लिएर सर्वोच्च अदालतमा समेत रिट परेको छ र त्यसको अन्तिम कानूनी पाटो टुंगो लागिसकेको छैन। अदालतमा विषय विचाराधीन रहँदा राजनीतिक रूपमा भने दुवै पक्ष आ-आफ्नो तयारीलाई अगाडि बढाइरहेका छन्।

थापा नेतृत्वको पक्षले आफूले अघि बढाएको प्रक्रिया पार्टीको निर्णय, विधान र उपलब्ध कानूनी आधारअनुसार भएको दाबी गरिरहेको छ। अर्को पक्षले भने वर्तमान प्रक्रियालाई स्वीकार गर्न नसकिने धारणा राख्दै आफ्नो राजनीतिक दाबी कायम राखेको छ। यही फरक दृष्टिकोणका कारण महाधिवेशन कांग्रेसको आन्तरिक लोकतान्त्रिक अभ्यासभन्दा बढी वैधानिकताको प्रश्न बन्न पुगेको हो।

यसको असर अहिले पार्टीका प्रतिनिधि छनोटसम्म देखिन थालेको छ। महाधिवेशनमा सहभागी हुने प्रतिनिधि नै नेतृत्व चयनका निर्णायक मतदाता हुने भएकाले प्रतिनिधि छनोटको हरेक चरणलाई दुवै पक्षले महत्वका साथ हेरिरहेका छन्। त्यसैले अहिले भइरहेका अधिवेशन केवल सांगठनिक औपचारिकता नभई कांग्रेसभित्रको आगामी शक्ति सन्तुलन निर्माण गर्ने आधार पनि हुन्।

### देउवा पक्षको अलग बाटो

निवर्तमान सभापति देउवा पक्षले शशांक कोइरालाको संयोजकत्वमा छुट्टै तयारी अघि बढाउनु कांग्रेसका लागि

बाँकी ७ पृष्ठमा

## कम्युनिस्ट नेता घनेन्द्र बस्नेत रहेनन्



ललितपुर/ नेपाली कम्युनिस्ट आन्दोलनमा लामो समयदेखि सक्रिय नेता घनेन्द्र बस्नेतको निधन भएको छ। क्यान्सरको उपचार गराइरहेका उनको भक्तपुर क्यान्सर अस्पतालमा बुधबार साँझ निधन भएको हो। बस्नेतको पार्थिव शरिरमा नेकपा (एमाले) का अध्यक्ष खड्गप्रसाद शर्मा ओलीले बिहीबार श्रद्धाञ्जलि दिएका थिए।

बस्नेत पछिल्लो करिब ६-७ महिनादेखि क्यान्सरसँग संघर्षरत रहेका बताइएको छ। २००९ साल असोज २५ गते भोजपुरको कुलुङमा बस्नेतको जन्म भएको हो। आफ्नो राजनीतिक जीवनको ठूलो हिस्सा कम्युनिस्ट आन्दोलन र पञ्चायती व्यवस्थाविरुद्धको संघर्षमा उनले बिताएका बताइएको छ। उनले करिब १६ वर्ष कारागार जीवन बिताउनुपरेको बताइएको छ। पञ्चायतविरुद्धको राजनीतिक संघर्षकै क्रममा २०३३ साल चैत १२ गते झापाका राजनीतिक

बाँकी ७ पृष्ठमा

## एमालेमा नयाँ समीकरणको संकेत

ललितपुर/ नेकपा (एमाले) ले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलाई वरिष्ठ नेताको जिम्मेवारी दिने निर्णय गरेसँगै पार्टीभित्रको शक्ति सन्तुलनबारे नयाँ बहस शुरु भएको छ। लामो समय सक्रिय राजनीतिबाट बाहिर रहेकी भण्डारीलाई पुनः पार्टीको प्रभावशाली भूमिकामा ल्याउने निर्णय विशेषतः अध्यक्ष खड्गप्रसाद शर्मा ओलीकै सहमतिमा हुनु अर्थपूर्ण मानिएको छ। केही समयअघिसम्म भण्डारीको पार्टी सदस्यता नवीकरणसमेत नगर्ने पक्षमा ओली रहेको अवस्था थियो।

राष्ट्रपति पदबाट बाहिरिएपछि एमालेको राजनीतिमा फर्किन खोजेकी भण्डारीको सदस्यताको विषय लामो समय अल्झिएको थियो। अहिले भने सदस्यता निरन्तरतासँगै उनलाई वरिष्ठ नेताको जिम्मेवारी दिइनुले एमालेभित्र बदलिएको राजनीतिक परिस्थिति देखाएको छ। यसलाई ओली र भण्डारीबीचको सम्बन्ध सुधारका रूपमा मात्र नभई पार्टीभित्रको शक्ति व्यवस्थापनसँग जोडेर हेर्न थालिएको छ।

एमालेमा पछिल्लो समय ओलीलाई नै निरन्तरता दिने कि नयाँ नेतृत्व खोज्ने भन्ने बहस पनि चलिरहेको छ। पार्टीको नेतृत्व शैली, संगठनको अवस्था र आगामी राजनीतिक दिशाबारे विभिन्न तहमा प्रश्न उठिरहेका बेला भण्डारीको पुनरागमनले नेतृत्वको सम्भावित समीकरणलाई थप रोचक बनाएको छ। वरिष्ठ नेता बनाइनुलाई तत्काल नेतृत्व हस्तान्तरणको संकेत मान्नु हतार हुनेछ।

बाँकी ७ पृष्ठमा

## गगनलाई राठौरको चुनौती

रोशन ज्ञवाली

ललितपुर/ नेपाली कांग्रेसको १५औं महाधिवेशन असोज १८ गते काठमाडौंको खुलामञ्चमा आरम्भ हुने भएको छ। महाधिवेशन नजिकिँदै जाँदा सभापति तथा अन्य पदका आकांक्षीहरू खुल्ने क्रम बढेकाले कांग्रेसभित्रको नेतृत्व प्रतिस्पर्धा थप स्पष्ट हुँदै गएको छ।

यसैबीचमा सभापति पदको प्रतिस्पर्धा थप रोचक बनेको छ। पूर्वसहमहामन्त्री किशोरसिंह राठौरले सभापति पदमा उम्मेदवारी दिने घोषणा गरेका छन्। उनले आफू सभापति पदमै प्रतिस्पर्धा गर्ने र कुनै तल्लो पदमा उम्मेदवारी दिने योजना नरहेको स्पष्ट पारेका छन्। राठौरले सभापति पदका लागि उम्मेदवारी दर्ता गर्ने बताउँदै आवश्यक परे आफ्नो समूह वा समूह निर्माणबारे पछि निर्णय गर्ने संकेत गरेका छन्। उनले पार्टीको नेतृत्वमा आफ्नो भूमिका आवश्यक रहेको भन्दै नेता- कार्यकर्ताको सहयोग र समर्थनको अपेक्षा गरेका छन्।

विशेष महाधिवेशनबाट सभापति बनेका गगनकुमार थापा पनि १५औं महाधिवेशनमा सभापति पदका लागि प्रतिस्पर्धा गर्ने तयारीमा छन्। हालसम्म सभापति पदका लागि थापा र



राठौरको नाम प्रमुख रूपमा चर्चामा आएको छ। राठौरले आफू थापाभन्दा वरिष्ठ राजनीतिक पुस्ताको प्रतिनिधि भएको उल्लेख गर्दै सभापतिमै प्रतिस्पर्धा गर्ने बताएका छन्। उनले आफ्नो अजेन्डा र आगामी रणनीतिबारे छिट्टै पत्रकार सम्मेलनमार्फत जानकारी गराउने बताएका छन्।

राठौरको उम्मेदवारीले थापा सर्वसम्मत सभापति बन्ने सम्भावनाबारे भइरहेका चर्चामाझ प्रत्यक्ष प्रतिस्पर्धाको अवस्था सिर्जना गरेको छ। राठौरले भने आफ्नो उम्मेदवारीबाट पछि नहट्ने बताएका छन्।

## सानो देशको ठूलो आवाज



प्रसङ्गवश

कौशल कुमार भट्टराई

विश्वको राजनीतिक नक्सामा नेपालको आकार ठूलो छैन। आर्थिक सामर्थ्यका हिसाबले पनि नेपाललाई विश्वका शक्तिशाली मुलुकको पंक्तिमा राखिँदैन। अन्तर्राष्ट्रिय निर्णय प्रक्रियामा नेपालको प्रभाव सीमित छ। कुनै देशको आकारले उसको पीडा, सम्भावना र आवाजको महत्व निर्धारण गर्दैन।

यही कुरालाई पछिल्लो समय प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) को संयुक्त राष्ट्रसंघ महासभा सहभागिताले एउटा नयाँ ढंगले सम्झाएको छ। न्युयोर्कको विशाल अन्तर्राष्ट्रिय मञ्चमा नेपालका प्रधानमन्त्रीले बोलेको विषय केवल नेपालको राजनीतिक अवस्था वा सरकारका उपलब्धिको विवरणमा सीमित रहेन। उनले संसारकै साझा चिन्ताको विषय जलवायु परिवर्तनलाई केन्द्रमा राखे। यो विषय नेपालका लागि नयाँ होइन। हिमाल पग्लिन थालेका छन्, मौसमको चरित्र बदलिएको छ, वर्षाको ढाँचा अस्वाभाविक हुँदै गएको छ र प्राकृतिक विपद्को जोखिम बढ्दै गएको अनुभव नेपालले गरिरहेको छ। नेपालले भोगेको समस्यालाई नेपालभित्रकै समस्या मानेर चुप लाग्ने कि त्यसलाई संसारसँग जोडेर हेर्ने भन्ने प्रश्न महत्वपूर्ण थियो। बालेनको सम्बोधनले दोस्रो बाटो रोजेको देखियो।

नेपालले जलवायु परिवर्तन गराउने काममा संसारका ठूला औद्योगिक मुलुकको जस्तो भूमिका खेलेको छैन। यसको असरबाट बच्न भने नेपाललाई सजिलो छैन। यही विरोधाभास हाम्रो जलवायु बहसको सबैभन्दा ठूलो आधार हो।

हिमालमा भएको परिवर्तन पहाड र तराईसम्म पुग्छ। यहाँका नदी, कृषि, खानेपानी, पर्यटन र जनजीवन त्यसबाट प्रभावित हुन्छन्। नेपालको भूगोलमा देखिएको परिवर्तन नेपालको सीमाभित्र मात्रै रोकिने कुरा पनि होइन। हिमालयको पर्यावरणीय सन्तुलन बिग्रिँदा त्यसको प्रभाव दक्षिण एशियाको ठूलो भूभागसम्म पुग्न सक्छ।

त्यसैले नेपालले उठाएको जलवायुको प्रश्न वास्तवमा नेपालका लागि मात्र होइन, संसारका लागि पनि हो। यही कारणले बालेनको सम्बोधनलाई केवल एउटा प्रधानमन्त्रीले दिएको भाषणका रूपमा हेर्नु उचित हुँदैन।

बाँकी ७ पृष्ठमा



लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

# 'तिम्रो ज्ञानले कसैलाई उज्यालो देओस्'




*प्रिय छोरा, जन्मदिनको आशीर्वाद*

आज तिम्रो जन्मदिनमा तिमीलाई शुभकामना दिँदै गर्दा म तिमीलाई केवल सुख, धन, वैभव, सफलता वा ठूलो पदको कामना मात्र गर्न चाहन्नँ । मेरो सबैभन्दा ठूलो आशीर्वाद र कामना एउटै छ कि तिमी यस्तो जीवन बाँच्नु, जहाँ कठिनाइसँग डराउने होइन, कठिनाइबाट सिक्ने मानिस बन्नु ।

सत्य, सदाचार, इमानदारी, करुणा र आत्मसम्मानलाई हृदयमा सधैँ जीवित राख्दै सत्यको बाटोमा अडिग भएर हिँड्नु ।

समय बित्दै जाँदा तिमी बालकबाट जवान हुँदैछौ । उमेरसँगै शरीर मात्र होइन, सोच, विवेक, जिम्मेवारी र चरित्र पनि परिपक्व हुँदै जानुपर्छ । त्यसैले आज तिमीलाई जीवनभर साथ दिने केही शब्द उपहार दिन चाहन्छु ।

*सत्य र चरित्र*

सधैँ सत्य बोल्नू । सत्य कहिलेकाहीँ कठिन हुन सक्छ, तर झूटले कहिल्यै स्थायी शान्ति दिँदैन । आफ्नो गल्ती भए नडराई स्वीकार गर्नू । गल्ती गर्नु कमजोरी होइन, गल्ती स्वीकार नगर्नु र त्यसलाई लुकाउन झूटको सहारा लिनु ठूलो कमजोरी हो । आफ्नो कमजोरी स्वीकार गर्न सक्ने मानिस नै वास्तवमा बलियो मानिस हुन्छ ।

तिमीले जीवनमा जति ज्ञान हासिल गरे पनि, जति सफलता प्राप्त गरे पनि, अन्ततः मानिसहरूले तिमीलाई तिम्रो चरित्र, सत्यनिष्ठा र व्यवहारबाट सम्झनेछन् । त्यसैले सफल मानिस बन्नुभन्दा पहिले असल मानिस बन्नू ।

कसैसँग गरेको वाचा सानो होस् वा ठूलो, सकेसम्म पूरा गर्नू । कसैलाई भ्रममा नपार्नू र आफ्नो स्वार्थका लागि कसैको विश्वास कहिल्यै नतोड्नू । आफ्नो प्रशंसा आफैँ नगर्नू। तिम्रो कर्मले तिम्रो परिचय दिओस् ।

तिमीसँग प्रतिभा, ज्ञान वा सफलता छ भने त्यसलाई विनम्रतासँग बोक्नू । अरूले तिम्रो क्षमता देखून्, तिमीले आफ्नै गुणको घोषणा गरिरहनु नपरोस् ।

याद राख्नू कि सत्य नै इमान्दारी हो, इमान्दारी नै चरित्र हो र चरित्र नै मानिसको वास्तविक सम्पत्ति हो ।

*आत्मसंयम र सही निर्णय*

छोरा, तिमीलाई जीवनभर साथ दिने अर्को अमूल्य शिक्षा हो– आत्मसंयम । जीवनमा हामीले चाहेका सबै कुरा पाउनु नै सुख होइन । कहिलेकाहीँ आफूले चाहेको कुरा त्याग्न सक्नु नै ठूलो विजय हो । आफ्नो इच्छा, लोभ, आवेग र क्षणिक सुखमाथि नियन्त्रण राख्न सक्ने मानिसले नै आफ्नो जीवनलाई सही दिशामा डोऱ्याउन सक्छ ।

जे देख्यो त्यही चाहने, जे चाह्यो त्यही तुरुन्त पाउन खोज्ने र मनले माग्यो भन्दैमा हरेक इच्छा पूरा गर्ने बानीले मानिसलाई बलियो बनाउँदैन, बरु आफ्नै इच्छाको दास बनाउँछ ।

आत्मसंयम भनेको आफूलाई दुःखी बनाउनु होइन, आफ्नै कमजोरीबाट आफूलाई बचाउनु हो । आफ्नो मनमाथि शासन गर्न सक्ने मानिस नै वास्तविक अर्थमा स्वतन्त्र मानिस हो ।

आत्मसंयमको अर्थ गलत कुरामा सम्झौता गर्नु होइन । कसैले अन्याय, असत्य, अनैतिकता वा गलत काम गर्न दबाब दियो भने त्यहाँ नझुक्नू । जहाँ आफ्नो हठ त्याग्नुपर्छ, त्यहाँ नम्र बन्नू, जहाँ आफ्नो सिद्धान्त जोगाउनुपर्छ, त्यहाँ दृढ बन्नू ।

वाचा गर्नुअघि आफ्नो क्षमता बुझ्नू । निर्णय गर्नुअघि परिणाम विचार गर्नू । जोखिम लिनुअघि त्यसको मूल्याङ्कन गर्नू । भावनामा बग्नुअघि विवेकलाई अगाडि राख्नू । ऋण, सापटी, जुवा, बाजी, अनिश्चित लगानी, लोभलाग्दा तर आधारहीन योजना र छिट्टै धनी बन्ने प्रलोभनबाट सावधान रहनू । जहाँ अत्यधिक लाभको आशा देखाइन्छ, त्यहाँ लुकेको जोखिमलाई पनि उत्तिकै ध्यानले हेर्नू ।

*परिश्रम र धैर्य*

जीवन सधैँ सुखले भरिएको हुँदैन । कहिले सफलता आउँछ, कहिले असफलता, कहिले प्रशंसा पाइन्छ, कहिले निराशा, कहिले बाटो सहज हुन्छ, कहिले हरेक पाइला कठिन लाग्छ । कठिनाइ आउँदैमा यात्रा रोक्नु हुँदैन । धैर्यका साथ निरन्तर कर्म गरिरहनु नै जीवनको वास्तविक परीक्षा हो ।

कुनै काम कठिन भयो भन्दैमा बीचैमा त्यसबाट पछि नहट्नू । कुनै काम हातमा वा जिम्मा लिएपछि सकेसम्म त्यसलाई बुझेर, सिकेर र पूरा गरेर मात्र अर्को कामतर्फ अघि बढ्नू । अधुरो प्रयासले लक्ष्य पूरा गर्न सकिँदैन, निरन्तर प्रयासले असम्भवजस्तो देखिने कामलाई पनि सम्भव बनाउन सकिन्छ ।

आलस्य मानिसको ठूलो अदृश्य शत्रु हो । यसले समय मात्र खोस्दैन, क्षमता, अवसर र भविष्यसमेत बिस्तारै ओझेलमा पार्छ । तिमीभित्र कति प्रतिभा छ भन्नेभन्दा पनि त्यस प्रतिभालाई कति मेहनतका साथ विकास गर्छौ भन्ने कुरा महत्त्वपूर्ण हुन्छ ।

कहिल्यै यस्तो नसोच्नू कि "यो काम गर्दा मलाई अहिले के फाइदा हुन्छ ?" कहिलेकाहीँ मेहनतको फल तुरुन्तै देखिँदैन । प्रत्येक मेहनतले तिमीभित्र ज्ञान, अनुभव, अनुशासन, आत्मविश्वास र क्षमता निर्माण गरिरहेको हुन्छ । आज पढेको एउटा पाना, आज सिकेको एउटा सीप र आज पूरा गरेको एउटा कठिन काम आदि यी सबै तिम्रो भविष्यका जग हुन् ।

मेहनत कहिल्यै खेर जाँदैन, यसको फल कहिले र कुन रूपमा प्राप्त हुन्छ भन्ने हामीलाई थाहा हुँदैन । थाक्दा केही समय विश्राम लिनू, तर लक्ष्य नछोड्नू । असफल हुँदा फेरि उठ्नू । ढिलो हुँदा धैर्य गर्नू । अरू अघि बढ्दा ईर्ष्या होइन, प्रेरणा लिनू । आफू अघि बढ्दा अरूलाई पछाडि नछोड्नू ।

*सफलता र विनम्रता*

सफलता अन्तिम गन्तव्य होइन, त्यो अर्को जिम्मेवारीको सुरुवात हो । आफू माथि उठेपछि आफूभन्दा पछाडि रहेका मानिसलाई पनि माथि उठाउन सक्ने बन्नू ।

आफ्नो सफलताको श्रेय केवल भाग्यलाई नदिनू र असफलताको दोष केवल परिस्थितिलाई नदिनू । परिस्थितिले केही सीमा निर्धारण गर्न सक्छ, तर तिम्रो प्रयासले ती सीमाभित्र तिमी कति टाढासम्म पुग्न सक्छौ भन्ने निर्धारण गर्छ ।

अरू मानिस तिमीभन्दा अघि बढेको देख्दा निराश नहुनू । प्रत्येक मानिसको यात्रा फरक हुन्छ। कसैले छिटो सफलता पाउन सक्छ, कसैले ढिलो । ढिलो फुलेको फूलको सुन्दरता कम हुँदैन । जति माथि उठे पनि विनम्र भएर उठ्नू । जति सफल भए पनि आफ्नो चरित्र नझुकाई उठ्नू ।

*शिक्षा, ज्ञान र जीवनदर्शन*

विद्यार्थी हुँदा अध्ययनलाई आफ्नो पहिलो कर्तव्य मान्नू । शिक्षकले दिएको जिम्मेवारी इमानदारीका साथ पूरा गर्नू । आज्ञापालनले तिमीभित्र अनुशासन र जिम्मेवारीको संस्कार निर्माण गर्छ ।

धर्म र दर्शनका ग्रन्थहरू पढ्न समय निकाल्नू । विशेषगरी महाभारतलाई प्राथमिकतामा राखेर विभिन्न धर्म तथा दर्शनका ग्रन्थहरू अध्ययन गर्नू । एउटा ग्रन्थ पढ्नु भनेको आफ्नै जीवनमा सिकेर नसकिने अनेक अनुभव र ज्ञान बुझ्ने अवसर प्राप्त गर्नु हो ।

ग्रन्थहरूले अनेक पुस्ताका अनुभव, ज्ञान, संघर्ष, नीति र जीवनदर्शन बुझ्ने अवसर दिन्छन् । त्यसैले पढ्ने बानीलाई जीवनभर कायम राख्नू । तिमी जुनसुकै क्षेत्र (व्यवसाय, सेवा, विज्ञान, प्रविधि, शिक्षा, समाजसेवा वा राजनीति) मा जाऊ, तिम्रो वास्तविक परिचय तिम्रो पदले होइन, तिम्रो कर्मले दिनेछ ।

*संगत र व्यवहार*

गलत चाहना, अनुचित संगत, विकृत सोच तथा हानिकारक लतप्रति कहिल्यै आकर्षित नहुनू । यदि तिमीलाई कुनै कुराको लत लागोस् भने राम्रो किताब पढ्ने, नयाँ कुरा सिक्ने, आफ्नो लक्ष्य प्राप्तिका लागि निरन्तर मेहनत गर्ने र आफूलाई सुधार्ने बानीको लत लागोस् । जसको संगतमा सत्यको सम्मान हुन्छ, परिश्रमको मूल्य बुझिन्छ, अरूको दुःखप्रति संवेदना हुन्छ, आफ्नो गल्ती स्वीकार गर्ने साहस हुन्छ र चरित्रलाई धनभन्दा माथि राखिन्छ, त्यस्ता मानिसलाई आफ्नो जीवनको नजिक राख्नू ।

सानो कारणले कसैप्रति घृणा वा पूर्वाग्रह राख्नु उचित हुँदैन । त्यसरी नै छोटो परिचयकै आधारमा अत्यधिक आत्मीयता बढाउनु पनि बुद्धिमानी होइन । मित्रता समयसँगै परिपक्व हुनुपर्छ ।

तिमी स्वयं पनि अरूका लागि त्यस्तै असल साथी बन्नू, जस्तो साथी तिमी आफ्नो जीवनमा चाहन्छौ । साँचो साथी त्यो हो, जसले तिम्रो गल्तीमा पनि सत्य बोल्ने साहस गर्छ र कठिन समयमा तिमीलाई एक्लो हुन दिँदैन ।

मानिससँग बोल्दा शिष्टता नछोड्नू । ज्ञानले मानिसलाई सक्षम बनाउँछ र विनम्रताले उसलाई प्रिय बनाउँछ । कसैले बोलेको कुरा तुरुन्तै काटेर आफ्नो कुरा प्रमाणित गर्न हतार नगर्नू ।

धैर्यपूर्वक सुन्नू । बुझेर उत्तर दिनू । आवश्यक नभएको ठाउँमा मौन रहन जान्नू ।

तिम्रो बोलीमा अनावश्यक अशिष्ट शब्द नआऊन् । हाँसो र ठट्टा गर्नू, जीवनमा प्रसन्न रहनू, तर अरूको सम्मानमा चोट पुग्ने गरी कहिल्यै मजाक नगर्नू । असल संस्कारको परीक्षा आफूभन्दा माथिका मानिससँग होइन, आफूभन्दा कमजोर वा सानो ठानिएका मानिससँग गरिने व्यवहारमा हुन्छ ।

*धन, स्वास्थ्य र जीवनशैली*

आफ्नो हैसियतअनुसार जीवन बिताउनू । आफ्नो बचत र सम्पत्तिको प्रयोग सावधानीपूर्वक गर्नू । धन कमाउँदा विवेक राख्नू, खर्च गर्दा उद्देश्य राख्नू, बचत गर्दा भविष्य सम्झनू र दान गर्दा उदारता राख्नू ।

मितव्ययी बन्नू, तर कञ्जुस नबन्नू । धन जोगाउनू, तर धनको दास नबन्नू । सम्पत्ति कमाउनू, तर सम्पत्तिभन्दा आफ्नो चरित्रलाई ठूलो ठान्नू । तिम्रो वास्तविक सम्पत्ति तिम्रो ज्ञान र हिम्मत हो । तिम्रो वास्तविक पूँजी तिम्रो सीप हो । तिम्रो वास्तविक सुरक्षा तिम्रो चरित्र हो । र तिम्रो भविष्य निर्माण गर्ने सबैभन्दा ठूलो शक्ति तिम्रो परिश्रम हो ।

अन्ततः स्वस्थ शरीर र शान्त मन नै जीवनका सबै उपलब्धिमध्ये ठूलो सम्पत्ति हो । आफ्नो स्वास्थ्यको ख्याल राख्नू । पर्याप्त आराम, निद्रा, सन्तुलित खानपान, व्यायाम र अनुशासित दिनचर्यालाई हल्का नठान्नु । निरन्तर प्रयत्न भनेको शरीर र मनलाई नष्ट गरेर काम गर्नु होइन । लामो यात्राका लागि ऊर्जा भर्न र जोगाउन पनि जान्नुपर्छ ।

युवावस्थादेखि नै आफ्नो शरीरलाई ख्याल गर्नू । रातलाई अनावश्यक रूपमा लामो नबनाउनू र बिहानलाई निद्रामै खेर नफाल्नू ।

*सन्तोष र मानसिक शान्ति*

जीवनलाई लामो यात्रा सम्झनू । बाटोमा कहिले घाम लाग्छ, कहिले पानी पर्छ; कहिले बाटो खुला हुन्छ, कहिले अवरोध आउँछ । मौसम र बाटो बदलिँदैमा यात्राको उद्देश्य बदल्नु हुँदैन । सन्तुष्ट मन नै जीवनको ठूलो सम्पत्ति हो । जसको मन शान्त छ, उसले अभावमा पनि सुख देख्न सक्छ । 'यदि' र 'तर' को पछाडि दौडिरहने मानिसले वर्तमानको सुन्दरता गुमाउँछ । परिस्थिति सधैँ हाम्रो इच्छाअनुसार हुँदैन । त्यस्तो अवस्थामा गुनासो गरेर मन जलाउनुभन्दा जे प्राप्त भएको छ, त्यसलाई स्वीकार गर्दै त्यसबाट उत्कृष्ट जीवन निर्माण गर्न सिक्नू ।

इच्छा राख्नु गलत होइन, इच्छाको दास बन्नु गलत हो । सफल हुँदा अत्यधिक उन्मत्त नहुनू, असफल हुँदा अत्यधिक निराश नहुनू । शिखरमा पुग्दा पनि आफ्नो खुट्टा जमिनमै राख्नू र बाटोमा लड्दा पनि आफ्नो आत्मविश्वास नगुमाउनू ।

जे प्राप्त गर्न सकिन्छ, त्यसका लागि इमानदारीपूर्वक प्रयत्न गर्नू । जे प्राप्त हुन्छ, त्यसका लागि हृदयदेखि कृतज्ञ हुनू ।

*समाजप्रतिको जिम्मेवारी*

तिमी अरूले बनाएको संसारमा जन्मिएका छौ । अरूको परिश्रमले बनेका घर, विद्यालय, पुस्तक, प्रविधि, बाटो, ज्ञान र अवसरबाट तिमी लाभान्वित हुँदैछौ । त्यसैले तिमी पनि एउटा जिम्मेवारी लिएर जन्मिएका छौ कि तिमीपछि आउने पुस्ताका लागि आफूले केही राम्रो छोडेर जानुपर्छ ।

तिमी केवल खान, पिउन, रमाउन, सुत्न र एक दिन संसारबाट बिदा हुन जन्मिएको होइनौ । तिमीले आफ्नो जीवनलाई कुनै अर्थ दिन जन्म लिएका हौ । तिम्रो ज्ञानले कसैलाई उज्यालो देओस् । तिम्रो सीपले कसैको जीवन सहज बनाओस् । तिम्रो परिश्रमले समाजमा सकारात्मक योगदान पुगोस् । तिम्रो सफलताले अरूलाई पनि अघि बढ्ने प्रेरणा मिलोस् ।

*आध्यात्मिक चेतना*

तिम्रो आध्यात्मिक चेतना पनि सधैँ जागृत रहोस् । जीवनको बाहिरी सफलतासँगै भित्री शान्ति र आत्मबोधको खोजी पनि गरिरहनू । आध्यात्मिक ज्ञानले मानिसलाई बाहिरी संसार मात्र होइन, आफ्नै मन र जीवनलाई बुझ्न पनि सहयोग गर्छ । त्यसैले ज्ञान, विवेक र आत्मचिन्तनलाई जीवनको यात्रामा सधैँ साथमा राख्नू ।

*अन्तिम आशीर्वाद*

भोलि म तिम्रो साथमा सधैँ रहन नसकौँला । जीवन हो, जतिबेला पनि जे हुन सक्छ । कुनै दिन तिम्रो हात समातेर हिँड्ने अवस्थामा नहुन सक्छु । त्यो दिन पनि मेरो आशीर्वाद तिम्रो साथमा हुनेछ ।

मैले जीवनको बाटोमा जानी नजानी गरेका संघर्ष, गल्ती र अनुभवहरूबाट तिमीले केही सिक्नू भन्ने मेरो चाहना हो । मैले भोगेका कठिनाइहरू तिमीले भोग्न नपरोस्, ती अनुभवबाट जीवन बुझ्ने अवसर भने तिमीलाई प्राप्त होस् ।

मैले तिमीलाई यी कुरा आदेश दिन लेखेको होइन । जीवनका बाटाहरूमा कहिल्यै एक्लो महसुस नहोस्, कठिन समयमा आफ्नै विवेकले तिमीलाई सही बाटो देखाओस् र जीवनका निर्णयहरूमा सत्य तथा सदाचारले तिम्रो साथ नछोडोस् भन्ने प्रेम र अनुभवबाट लेखेको हुँ ।

मेरो सबैभन्दा ठूलो सपना तिमीले संसार जितेको हेर्नु होइन । मेरो सबैभन्दा ठूलो सपना तिमीले आफैँलाई जितेको हेर्नु हो– आलस्यलाई जितेको, लोभलाई जितेको, डरलाई जितेको, अहङ्कारलाई जितेको र कठिनाइका अगाडि हार नमान्ने साहस प्राप्त गरेको । तिम्रो हात सधैँ कर्ममा लागिरहोस् र मन सधैँ सही दिशामा रहोस् ।

प्रिय छोरा,

तिम्रो जन्मदिनमा मेरो हृदयदेखि यही आशीर्वाद छ ।

तिम्रो मन सत्यमा अडिग रहोस् ।

तिम्रा इच्छामा संयम रहोस् ।

तिम्रो सोचमा सकारात्मकता रहोस् ।

तिम्रो यात्रामा धैर्य रहोस् ।

तिम्रो सफलतामा विनम्रता कहिल्यै नहराओस् ।

तिम्रो कर्म इमानदार रहोस् ।

तिम्रो हृदयमा दया कहिल्यै नमरोस् ।

तिम्रा पाइला सही बाटोबाट कहिल्यै विचलित नहोऊन् ।

तिम्रो जीवन ज्ञान, विवेक, स्वास्थ्य, शान्ति र सेवाभावले परिपूर्ण बनोस् ।

तिमीलाई दीर्घायु, उत्तम स्वास्थ्य, सद्बुद्धि, धैर्य, साहस, आत्मविश्वास, विवेक र निरन्तर अघि बढिरहने शक्ति प्राप्त होस् । तिम्रा हरेक असल इच्छा पूरा होऊन् । तिमी जहाँ पुगे पनि असल भएर पुग्नू । जति माथि उठे पनि विनम्र भएर उठ्नू । जीवनको अन्तिम दिनसम्म आफ्नो चरित्रलाई सबैभन्दा ठूलो सम्पत्ति मानेर बाँच्नू ।

जन्मदिनको अनन्त शुभकामना तथा हार्दिक आशीर्वाद, प्रिय छोरा ।

उही तिम्रो बाबा

*शिशिर सिंखडा*
*बुढानीलकण्ठ, काठमाडौँ*




कौशल कुमार भट्टराई कृष्ण लम्साल पिएमणि भट्टराई हरि शरण जमकटेल गम्भीर ब. हाडा

लोकतन्त्रप्रति पूर्ण समर्पित

साप्ताहिक

# नयाँ विमर्श

Naya Bimarsha Weekly

प्रधान-सम्पादक/प्रकाशक : कौशल कुमार भट्टराई (९८५११३८२३७)
सम्पादक : कृष्ण लम्साल (९८५१३२२६३२, ९८४१३५१३५६)
कार्यकारी सम्पादक : पिएमणि भट्टराई (९८४३१०९६२०)
वरिष्ठ संवाददाता: आर. अर्याल
अन्तर्राष्ट्रिय समाचार संयोजक: एस. भट्टराई
सल्लाहकार: सह-प्राध्यापक गम्भीर बहादुर हाडा
कानुनी सल्लाहकार : अधिवक्ता हरि शरण जमकटेल
आई.टी.प्रमुख: स्पन्दन भट्टराई
प्रधान कार्यालय : मध्यपुर थिमी-३, भक्तपुर
काठमाडौं-कार्यालय : बबरमहल, काठमाडौं, फोन: ०१-४२६७०६४
इमेल : nayabimarsha@gmail.com
मुद्रण : सप्तर्षि पब्लिकेशन प्रा.लि., मित्रपार्क, काठमाडौं


## मननीय कुरा

"सफलता अन्तिम होइन, असफलता घातक होइन; निरन्तर अघि बढ्ने साहस नै महत्वपूर्ण हो।" – विन्स्टन चर्चिल

"जीवनमा सबैभन्दा ठूलो जोखिम कुनै जोखिम नलिनु हो।" – मार्क जुकरबर्ग

"तपाईंले गर्न सक्नुहुन्छ भन्ने विश्वास गर्नुभयो भने आधा बाटो त्यहीँ पूरा हुन्छ।" – थियोडोर रुजवेल्ट

"हजार माइलको यात्रा पनि एउटा सानो कदमबाट शुरु हुन्छ।" – लाओ त्सु

"भविष्य त्यहींको हुन्छ, जसले आज त्यसका लागि तयारी गर्छ।" – माल्कम एक्स

## सम्पादकीय.................

# कानूनी राज्यको उपहास

कानूनी राज्यको वास्तविक परीक्षा अदालतको फैसलामा मात्र हुँदैन, राज्यले आफूलाई मन नपरेको वा विवादमा परेको व्यक्तिसँग गर्ने व्यवहारमा पनि हुन्छ। पूर्वप्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबरालाई घरबाट नियन्त्रणमा लिएर केही समयपछि छाडिएको घटनाले यही आधारभूत प्रश्नलाई फेरि सतहमा ल्याएको छ। राज्यका निकायले उनको सुरक्षामा खतरा रहेको कारण देखाएका छन्, तर कुनै व्यक्तिको सुरक्षामा खतरा देखिनु र उसलाई नियन्त्रणमा लिनु एउटै कुरा होइन। सुरक्षा दिनुपर्ने राज्यले सुरक्षा दिने र स्वतन्त्रता सीमित गर्नुपर्ने अवस्था आए कानूनी प्रक्रिया अपनाउने सम्बन्धमा यिनको सीमा स्पष्ट हुनुपर्छ। अझ न्यायपालिकाको सर्वोच्च तहमा बसेर जीवनको लामो समय कानून र न्यायको अभ्यास गरेका व्यक्तिसँग राज्यले गरेको व्यवहारमा यदि स्वयम् कानूनी अस्पष्टता देखिन्छ भने त्यसको सन्देश सामान्य नागरिकका लागि झन् गम्भीर हुन्छ। यहाँ प्रश्न जबरा सही वा गलत भन्ने होइन, उनका विगतका कामप्रति कसैको समर्थन वा विरोध पनि होइन। प्रश्न यति मात्र हो कि राज्यले कुनै नागरिकको स्वतन्त्रतामाथि हात हाल्दा त्यसको आधार के हो ? यदि आधार स्पष्ट छ भने राज्यले निर्धक्कसँग सार्वजनिक गर्न सक्नुपर्छ र यदि आधार छैन भने राज्यको शक्ति प्रयोग नै प्रश्नको घेरामा पर्नुपर्छ।

हाम्रो लोकतन्त्रले नागरिकलाई केवल अधिकार दिएको छैन, राज्यलाई पनि ती अधिकारको सम्मान गर्ने जिम्मेवारी दिएको छ। प्रहरीसँग शक्ति छ, सरकारसँग प्रशासनिक अधिकार छ, अदालतसँग न्यायिक अधिकार छ; तर यी सबै शक्ति संविधान र कानूनबाट निर्देशित छन्। राज्यका अंग शक्तिशाली हुनु लोकतन्त्रको समस्या होइन, ती शक्ति कसरी र कुन सीमाभित्र प्रयोग हुन्छन् भन्नेचाहिं लोकतन्त्रको मूल प्रश्न हो। कुनै व्यक्तिलाई खतरा छ भने सुरक्षा दिनु राज्यको कर्तव्य हो। कसैले कानून उल्लंघन गरेको छ भने अनुसन्धान गर्नु र दोष प्रमाणित भए कानूनअनुसार कारवाही गर्नु पनि राज्यकै दायित्व हो। तर सुरक्षा र कारबाहीको बीचमा एउटा ठूलो कानूनी दूरी छ। त्यो दूरी मेटाएर सुरक्षा व्यवस्थालाई नियन्त्रणको आधार बनाइयो भने भोलि जुनसुकै नागरिकका लागि पनि राज्यशक्तिको दुरुपयोगको ढोका खुल्न सक्छ। अझ संवैधानिक संस्थाका पूर्वपदाधिकारीसँग गरिएको व्यवहारमा स्थापित प्रक्रिया कमजोर देखिनु भनेको संस्थागत मर्यादामाथि नै चोट हो। राज्यले व्यक्तिलाई होइन, प्रक्रियालाई बलियो बनाउनुपर्छ। किनकि व्यक्ति आज एकजना हुन्छ, भोलि अर्को हुन्छ; तर गलत प्रक्रिया स्थापित भयो भने त्यसको असर पुस्तौंसम्म पर्न सक्छ।

यस घटनाले सरकारलाई एउटा अवसर पनि दिएको छ कि आफ्नो नियत होइन, आफ्नो प्रक्रिया प्रमाणित गर्ने। जबरासँग राज्यको कुनै असहमति छ भने त्यसलाई कानूनी बाटोबाट अघि बढाउन सकिन्छ। सुरक्षा चुनौती छ भने त्यसको वस्तुगत आधार सार्वजनिक गर्न सकिन्छ। कुनै अपराधको अनुसन्धान आवश्यक छ भने त्यसको स्पष्ट कानूनी प्रक्रिया अपनाउन सकिन्छ। नियन्त्रणमा लिने, केही समय राख्ने र फेरि छाड्ने घटनाले नागरिकमा पैदा हुने अन्योललाई सामान्य ठानेर पन्छिन मिल्दैन। लोकतन्त्रमा राज्यको शक्ति देखाउनु ठूलो कुरा होइन; त्यो शक्ति प्रयोग गर्दा आफूलाई पनि कानूनको अधीनमा राख्न सक्नु ठूलो कुरा हो। कानून अरूलाई बाँध्ने डोरी मात्र होइन, राज्यका हात पनि बाँध्ने मर्यादा हो। यही मर्यादा कायम रहे मात्र नागरिकले राज्यप्रति विश्वास गर्न सक्छ। अन्यथा कानूनी राज्यको नाम बाँकी रहन्छ, तर त्यसको आत्मा क्रमशः कमजोर हुँदै जान्छ। जबराको घटनामा पनि अब पक्ष-विपक्षको बहस होइन, स्पष्ट कानूनी आधार र जिम्मेवार जवाफको आवश्यकता छ। राज्यले आफ्ना प्रत्येक कदमको औचित्य प्रमाणित गर्न सक्ने अवस्था बनाउनु नै सुशासन हो। अन्यथा एउटा व्यक्तिलाई रातको समयमा घरबाट लगेर केही समयपछि छाडिएको घटना इतिहासमा एउटा सामान्य घटना भएर हराउने छैन; यसले राज्य स्वयम् कानूनभन्दा माथि त उठ्न खोजिरहेको छैन ? भन्ने असहज प्रश्न भने छोडेर जानेछ।

# बाल अधिकारबारे कानून र व्यवहार

> *१८ वर्षमूनिका बालबालिकालाई काममा लगाउन नपाउने कानून छ। उनीहरुलाई अनिवार्य पढ्न पठाउनुपर्छ। देशकै प्रमुख प्रशासकीय केन्द्र सिंहदरबार छेउछाउदेखि देशैभर स-साना बालबालिकालाई काममा लगाइएका छन्। उनीहरुको चाँहि बालअधिकार छैन ? उनीहरुले पढ्न पाउनुपर्दैन ? सरकारको कानून कहाँ कार्यान्वयन भयो ? कुनै पनि बच्चा जन्मिएपछि त्यो सरकारको हुन्छ।*


अनुसा थापा

कानूनले १८ वर्षमुनिका नागरिकलाई नाबालिग भनेको छ। ७० वर्ष पुगेपछि ज्येष्ठ नागरिकको दर्जामा राखिन्छ। यी दुवै उमेर समूह कमाउन नसक्ने र हेरचाह चाहिने खालका हुन्। के उनीहरुले संरक्षण र हेरचाह पाएका छन् ? २०७२ असोज ३ गते जारी नेपालको संविधानमा बालबालिका र ज्येष्ठ नागरिकका निम्ति थुप्रै अधिकार समेटिएको छ।

यद्यपि, व्यवहारतः त्यो कार्यान्वयनमा आउन सकेको छैन। बालबालिका र ज्येष्ठ नागरिक सडकमा मागेर खान बाध्य छन्। गत असोज ९ गते झमझमी पानी परिरहेको थियो। राजधानीको मुटु नयाँ बानेश्वरस्थित फलामको आकाशे पुलमा सात-आठ वर्षका बालक प्लास्टिक ओढेर माग्न बसेका थिए। उनी पानीमै थचक्कै बसेका थिए। यो त एउटा उदाहरण मात्र हो।

ठाउँ-ठाउँमा ससाना बालबालिका माग्न बसेका हुन्छन्। भक्तपुरको सिर्जनानगर बसस्टपअगाडि एउटा चिया पसल छ। त्यहाँ छ-सात वर्षका बालक भाँडा माँझ्न बसेका छन्। बिहानैदेखि ती बालक भाडा माझिरहेका हुन्छन्। त्यहाँ चिया खान पत्रकार, मानव अधिकारकर्मी, नेता, ट्राफिक प्रहरीदेखि प्रभावशाली व्यक्तित्वहरु पुग्छन्। कसैको त्यसमा ध्यान गएको छैन।

त्यही पसलको केही अघिल्तिर मिठाइ पसल छ। त्यहाँ पाँच-छ वर्षको बालक भाँडा माँझ्न राखिएको छ। थाङ्नो लुगा लगाएका उनलाई खाएकै भरमा काम लगाइएको छ। ती मिठाई पसलेको छोराछोरी भने इञ्जिनियर पढ्दै छन्। ती बालक पढ्न पाउने अधिकारबाट वञ्चित छन्। उनलाई काम लगाइन्छ, पढ्न पठाइन्न। नेपालको कानूनले बाल अधिकारको विषयमा ठूल्ठूला कुरा गर्छ।

१८ वर्षमूनिका बालबालिकालाई काममा लगाउन नपाउने कानून छ। उनीहरुलाई अनिवार्य पढ्न पठाउनुपर्छ। देशकै प्रमुख प्रशासकीय केन्द्र सिंहदरबार छेउछाउदेखि देशैभर स-साना बालबालिकालाई काममा लगाइएका छन्। उनीहरुको चाँहि बालअधिकार छैन ? उनीहरुले पढ्न पाउनुपर्दैन ? सरकारको कानून कहाँ कार्यान्वयन भयो ? कुनै पनि बच्चा जन्मिएपछि त्यो सरकारको हुन्छ।

त्यसको शिक्षा, स्वास्थ्यको जिम्मेवारी सरकारले लिनुपर्छ। यहाँ त गरिबको घरमा जन्मिनु अपराधजस्तै भएको छ। न पढ्न पाएका छन् न स्वास्थ्य उपचार। बिहान बेलुका पेट पाल्नका निम्ति उनीहरु अर्कामा होटलमा मजदुरी गर्छन्। चिया पकाउने, टेबल-टेबलमा पुर्याउनेदेखि भाडा माँझ्ने कामसम्म उनीहरुलाई लगाइन्छ। ती अबोध बालबालिकाप्रति कसैको नजर जाँदैन।

सार्वजनिक यातायातमा छ-सात वर्षका बालबालिका सहचालक राखिएको छ्याप्छ्याप्ती देखिन्छ। आम नागरिकले देख्दा ट्राफिक प्रहरीले यो किन देख्दैन ? उनीहरुले पारिश्रमिक पनि पाउँदैनन्। कबाडी संकलनमा पनि बालबालिका यत्तिकै छन्। दिनभर कबाडी संकलन गर्ने उनीहरुले त्यसबापत २० देखि ५० रुपियाँ पाउँछन्। त्यो पैसाले रक्सी पिउँछन्, आफ्नो जिन्दगी सिद्धयाउँछन्।

बाटोमा जताततै बालबालिकाहरु लागूऔषध खाएर हिँड्दै गरेको देखिन्छ। प्लास्टिकको झोलामा रहेको पदार्थ उनीहरु सुँघ्दै हिँडेका हुन्छन्। अहिले पनि पूँजीपतिहरुले आफ्नो घरमा बालबालिका काममा राखेका छन्। उनीहरु श्रम शोषणमा परेका छन्। न घर मालिकले उनीहरुलाई खान दिन्छन् न सुत्न। उनीहरुलाई जुठो खाना खुवाइन्छ, भऱ्याङमुनि सुताइन्छ, कुटिन्छ। उनीहरु पढ्न पाउने अधिकारबाट वञ्चित छन्।

स-साना बालबालिकालाई माग्नका निम्ति प्रयोग गरिएको छ। माफियाहरुले बालबालिकालाई दिनभर सडकमा माग्न लगाउँछन् अनि पैसा आफूले लिन्छन्। मठमन्दिर, सडक छेउछाउ, सार्वजनिक स्थलमा बालबालिकाले यत्तिकै मागेको देखिन्छ। सरकारको नजर यसतर्फ गएको पाइँदैन।

वर्तमान प्रधानमन्त्री बालेन्द्र साह (बालेन) काठमाडौं महानगरपालिकाको प्रमुख हुँदा सांसदको घरबाट बालिकाको उद्धार गरेका थिए। ती सांसद पछि पक्राउ पनि परेकी थिइन्। घरमा बालबालिकालाई घरेलु कामदारको रुपमा राख्ने उनी मात्र त होइनन्। सरकारले अनुगमन गर्ने हो भने घरैपिच्छे बालबालिका भेटिन्छ। बालबालिकाका निम्ति काम गर्न देशमा महिला, बालबालिका, ज्येष्ठ नागरिक, यौनिक अल्पसंख्यक मन्त्रालय छ। त्यो मन्त्रालय के हेरेर बसिरहेको छ ? गरिबको बच्चाको किन उद्धार नगरेको ?

पढ्न पाउने अधिकार धनीको बच्चाको मात्र हो ? धनीका बालबालिका १२ पढ्छन्, लाखौं रुपियाँ खर्च गरेर अमेरिका, अष्ट्रेलिया जान्छन्। गरिबका बच्चा गलत बाटोमा लागिरहेका छन्। अनि यो देशको भविष्य कस्तो होला ? अहिले देशभर लागूऔषध सेवनकर्ता बढ्नुको कारण यहीँ हो। घर ढलानको काममा बालबालिकाको प्रयोग भइरहेको छ। गाडीको बीच-बीचबाट हिँडेर उनीहरु पानी र विभिन्न सामान बेचिरहेको पाइन्छ।

उनीहरुको ज्यान गयो भने कसले जिम्मा लिने ? यो विषयमा बालबालिकासम्बद्ध संस्थाहरु किन मौन ? के विदेशबाट डलर खान मात्र ती संस्था सञ्चालन भएका हुन् ? गरिब बालबालिकाको नारा लगाउने, विदेशबाट पैसा ल्याउने अनि झ्वाम्म पार्ने ? गरिब बालबालिकाको पीडा भने ज्यूँको त्यूँ छ। सरकारले जनप्रतिनिधि, भू.पू. जनप्रतिनिधि, सरकारी कर्मचारीलगायतको तलब कटौती गरेर भए पनि उनीहरुलाई पढाउनुपर्छ।

उनीहरुको अधिकारको संरक्षण गर्नुपर्छ। बालबालिका देशको कर्णधार हुन्। उनीहरु सही बाटो हिँडे भने मात्र देशको भविष्य राम्रो हुन्छ। त्यसैले ती बालबालिकामा लगानी गरौं। उनीहरु राम्रो भए भने देश आफैं राम्रो हुन्छ। बिरुवा रोपेपछि मलजल गऱ्यो भने मात्र उत्पादन हुन्छ। बिरुवा पहिल्यै माँसियो भने के उत्पादन हुन्छ ? सरकारले अहिले ती बालबालिकामा लगानी गर्ने हो भने पछि उनीहरुले देशमै योगदान गर्छन्।

अन्त्यमा देश नै बन्ने हो। त्यसैले सरकारले तत्काल ती बालबालिकाको संरक्षण थालोस्। गरिबकै बच्चा भएपनि पढ्न पाउनुपर्छ, स्वास्थ्य उपचार पाउनुपर्छ। शिक्षामन्त्री सस्मित पोखरेल, बालबालिकामन्त्री सीता बादी र स्वास्थ्यमन्त्री निशा मेहताले ती बालबालिकाको खोजी थालुन्। अनुगमन गर्न आफैं निस्किऊन्। कुनैपनि बालबालिका गलत बाटोमा नहिँडुन्।

सरकारको कमजोरीले बालबालिकाको अधिकार नखोसियोस्। कानून र किताबको पानामा मात्र होइन, व्यवहारमा पनि बाल अधिकार कार्यान्वयन होस्। अनि मात्र त्यो कानून सुन्दर देखिन्छ। एकातिर देशमा जन्मदर घट्दो छ, अर्कोतिर बालबालिका गलत लतमा फसिरहेका छन्। अनि देश कसरी बन्छ ? सरकारले सडक बालबालिकाको उद्धार गर्नुपऱ्यो। ज्येष्ठ नागरिकको हेरचाहको दायित्व पनि सरकारले लिनुपऱ्यो।

बालबालिका र ज्येष्ठ नागरिक उस्तै हुन्। सडकमा उनीहरु मागिरहेको देख्नु लज्जास्पद छ। सरकारले आफ्नो दायित्वबोध गरोस्। मागेर खानेहरु जताततै छन्। उनीहरुको सरकारले तत्काल व्यवस्थापन गरोस्। पेट पाल्नकै निम्ति कुनै नागरिकले सडकमा माग्न नपरोस्। उनीहरु पनि नागरिक हुन्, सरकारले नागरिककै व्यवहार गरोस्। सरकार सरकारी कर्मचारीको तलब बढाउँछ तर उनीहरुको व्यवस्थापन गर्दैन।

जुनसुकै सरकार आए पनि गरिबको पीडा कसैले बुझेनन्।

# तामझामको जात्राले चौध दिन प्रचार किन ?


रामहरी बाजे

आजको डिजिटल युगका जनता हिटलरका कुखुराका भाले होइनन् सबैका हात हातमा मोबाइल फोन छन्, ज-जसलाई जे जे भन्नुछ आफ्नै मोबाइलबाट खुसुक्क भनेर आफ्नो बाकसमा भोट भरे जित्ने प्रजातान्त्रिक अधिकार गर्नुको सट्टामा भिडियो क्यामेरा साथ बाजा बजाएर गाइजात्रे नाटकले जनतालाई बराल्ने र रंगिन पर्चा पोष्टर छर्ने र अनावश्यक झण्डा, टिसर्ट आदिमा गर्ने खर्चले गाउँ, टोलहरुमा केही मात्र बाकी रहेका जनतालाई फेरी पनि १४ दिन सम्म झुक्याएर फेरी पनि (हिप्टोनाइज) गर्न आउने नेता र झोलेलाई गाउँलेले टिन ठटाएरै लखेट्ने आँट गरिसकेका छन्। त्यस्तो गरे भने आश्चर्य नमाने हुन्छ।

हाम्रा आदरणीय नेता ज्यूहरुलाई सुझाव दिन चाहन्छु, माथि लेखिएका पुराना फेसनको चुनाव खर्चमा हुने गरिने खर्चलाई आफ्ना क्षेत्रका जनताको सार्वजनिक विकासका सामाजिक कार्यको खातामा हालेर त्यै भौचरको फोटो आफ्नै मोबाइलबाट पठाएर यसपालीको भोट मलाई भनेर जानकारी दिएर चोखो हृदयले भोट दिने जनताको पवित्र भोटले चुनाव जितेर देखाउने नेतालाई मात्र खाटी झर्रा नेपालीले तपाईंलाई भोटको साथमा शुभ आशिर्वाद पनि दिनेछन्। जनताले नेतालाई सरापेको सुन्ने पर्ने छैन।

अन्त्यमा आगामी चुनावमा ३-४ वर्षदेखि विदेशमै मजदुरी गरिरहेका र ३-४ वर्ष पहिल्यै नै स्वर्गवास भैसकेकाहरुका नाममा पनि भोट खसालेर भोट ल्याउने कुकार्य भुलेर पनि नगर्नु होला। त्यस्ता माननीयहरुको विजोग हेर्न यो डिजिटल युगिन जनताले दोहोऱ्याउन चाहेका छैनन्। जसरी पनि जित्ने जित त सकुनीको पासाले महाभारत गराए जस्तै हो। नेताजीहरुमा चेतना भया।

(विदुर-४, नुवाकोट)

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

# पितृ तर्पण : सोह्रश्राद्धसम्मको सनातन परम्परा

–प्रेमचन्द्र झा

राजदेवी नगरपालिकामा सोह्रश्राद्धको पहिलो दिन नदी तथा जलाशयका किनारमा पितृलाई तर्पण गर्ने श्रद्धालुको भीड देखिन्थ्यो। पुरुषहरू जलपात्र बोकेर नदीतर्फ जाने र कुश, तिल तथा जल अर्पण गर्दै पूर्वजको स्मरण गर्ने क्रम चलिरहेको थियो। त्यही भीडमा एउटा दृश्य केही फरक थियो।

पुरुषहरू तर्पण गरेर फर्कंदै गर्दा गीता देवी राउत बरै नदी किनारमा पुगिन्। हातमा जलपात्र थियो, मनमा आफ्ना दिवंगत माता-पिता, आमा-हजुरआमा र पूर्वजप्रतिको गहिरो सम्झना।

राजदेवी नगरपालिका-३, बसतपुर निवासी रामचन्द्र राउत बरैकी श्रीमती गीतादेवीले प्रश्न गरिन् – "महिलाले तर्पण किन नगर्ने ?"

उनी आफ्ना पूर्वजको नाममा तर्पण गर्न नदी किनार पुगेकी थिइन्। उनका लागि त्यो केवल एउटा धार्मिक कर्म थिएन, आफ्नो अस्तित्वको जरा सम्झने अवसर थियो। श्रीमान् बाहिर रहेको अवस्थामा आफूले सकेसम्म पूर्वजप्रतिको कर्तव्य पूरा गर्न चाहेको उनले बताइन्। पुरुषहरूले जस्तै आफूले पनि पितृपक्षभरि तर्पण गर्ने इच्छा व्यक्त गरिन्।

गीतादेवीको त्यो उपस्थितिले एउटा धार्मिक कर्मकाण्डसँगै सामाजिक प्रश्न पनि उठाएको छ कि पितृलाई सम्झने अधिकार, श्रद्धाको अभिव्यक्ति र बदलिँदो सामाजिक अभ्यासबीचको सम्बन्ध के हो ?

यो प्रश्नको उत्तर सबै समुदाय, कुल, सम्प्रदाय र गृह्यपरम्पराका लागि एउटै हुन सक्दैन। पितृकर्मका विधिमा क्षेत्र, कुलाचार, शाखा र परम्पराअनुसार भिन्नता पाइन्छ। गीतादेवीको हातबाट अर्पण भएको जलले एउटा सार्वभौम भावलाई भने अभिव्यक्त गर्छ कि पूर्वजप्रतिको स्मरण र कृतज्ञता।

मानिसको जीवन वर्तमानमा मात्र अडिएको हुँदैन। उसको अस्तित्व पछाडि एउटा लामो वंशयात्रा हुन्छ जसमा आमा-बुवा, बाजे-बज्यै, परबाजे-परबज्यै हुँदै पुस्तौँ पुस्तासम्म फैलिएको। हामीले बोल्ने भाषा, सिकेको संस्कार, अपनाएको संस्कृति, पाएको नाम, घर-परिवार, परम्परा र जीवनका धेरै आधार कुनै न कुनै रूपमा अघिल्ला पुस्ताबाट प्राप्त भएका हुन्छन्।

त्यसैले सनातन चिन्तनमा मानिसलाई केवल वर्तमान पुस्ताको सदस्यका रूपमा होइन, अतीत र भविष्यबीचको एउटा सेतुका रूपमा हेरिएको पाइन्छ। यही वंशीय स्मृति, कृतज्ञता र पितृऋणको धार्मिक अभिव्यक्ति हो–पितृ तर्पण।

*जलको अञ्जलीमा कृतज्ञताको इतिहास*

पितृ तर्पण हिन्दू धर्म-संस्कृतिको अत्यन्त प्राचीन परम्परा हो। जल, तिल, कुश र मन्त्रद्वारा दिवंगत पितृहरूको स्मरण गर्दै गरिने तर्पणमा केवल कर्मकाण्ड छैन; यसभित्र स्मृति छ, श्रद्धा छ, कृतज्ञता छ र आफूभन्दा अघिका पुस्ताप्रतिको दायित्वबोध छ।

वैदिक साहित्यमा पितृयज्ञको अवधारणादेखि गृह्यसूत्र, धर्मसूत्र, स्मृति, महाभारत र पुराणसम्म पितृकर्मको निरन्तरता देखिन्छ। त्यसैले पितृ तर्पणलाई कुनै एउटा कालखण्डमा जन्मिएको कर्मकाण्डका रूपमा मात्र बुझ्नु यसको ऐतिहासिक र सांस्कृतिक गहिराइलाई सीमित गर्नु हुनेछ।

'तर्पण' शब्द संस्कृतको 'तृप्' धातुसँग सम्बन्धित मानिन्छ। यसको भाव तृप्त पार्नु, सन्तुष्ट गर्नु वा प्रसन्न पार्नु हो। श्रद्धापूर्वक जल, तिल आदि अर्पण गर्दै 'तृप्यताम्'– तृप्त हुनुहोस् भन्ने भाव व्यक्त गरिने कर्मलाई पितृ तर्पण भनिन्छ।

यसको भौतिक अर्थ जल अर्पण गर्नु भए पनि आध्यात्मिक अर्थ अझ गहिरो छ। यसको मूल भाव हो–"हामी आफ्नो अस्तित्वको स्रोतलाई सम्झिरहेका छौँ।"

*देवऋण, ऋषिऋण र पितृऋण*

सनातन धार्मिक चिन्तनमा मानिसमाथि विभिन्न प्रकारका ऋण वा दायित्वको अवधारणा पाइन्छ। देवताप्रति यज्ञ-उपासना, ऋषिप्रति ज्ञान र संस्कारको संरक्षण तथा पितृप्रति वंश, स्मृति, श्राद्ध र तर्पणलाई दायित्व निर्वाहका रूपमा बुझ्ने परम्परा विकसित भएको छ।

तैत्तिरीय उपनिषद्को प्रसिद्ध वचन छ –

मातृदेवो भव।
पितृदेवो भव।
आचार्यदेवो भव।
अतिथिदेवो भव।

अर्थात्– आमालाई देवतासमान मान, बाबुलाई देवतासमान मान, आचार्यलाई देवतासमान मान र अतिथिलाई देवतासमान मान।

यो वचनले एउटा महत्वपूर्ण पक्ष देखाउँछ कि पितृसम्मान मृत्यु भएपछि मात्र शुरु हुने विषय होइन। जीवित माता-पिताको सम्मान, सेवा र संरक्षण पनि पितृऋणको व्यापक भावभित्र पर्छ।

त्यसैले पितृकर्मको वास्तविक अर्थ बुझ्दा दुईवटा पक्ष सँगसँगै आउँछन् कि दिवंगत पितृको स्मरण र जीवित पितृको सम्मान।

*श्राद्धमा श्रद्धाको स्थान*

पितृकर्ममा 'श्रद्धा' लाई प्रधानता दिइन्छ। श्रद्धासहित गरिने कर्मलाई नै श्राद्ध भनिएको धार्मिक व्याख्या पाइन्छ।

धर्मशास्त्रीय परम्पराले श्राद्धका लागि अपराह्नकाललाई विशेष महत्व दिएको छ। मनुस्मृतिमा भनिएको छ –

यथा पक्षोऽपरः श्रेष्ठः श्राद्धस्य च तथापरः।
अपराह्णस्तु यः प्रोक्तः पितृणां तु स उच्यते।

यसको भाव श्राद्धकर्मका लागि अपराह्नकाललाई विशेष उपयुक्त मानिएको छ भन्ने हो।

त्यही सन्दर्भमा अर्को श्लोकमा भनिएको छ –

यदेव तर्पयत्यद्भिः पितॄन् स्नात्वा द्विजोत्तमः।
तेनैव कृत्स्नमाप्नोति पितृयज्ञक्रियाफलम्॥

अर्थात् स्नान गरेर जलद्वारा पितृलाई तर्पण गर्ने कर्मलाई पनि पितृयज्ञको महत्वपूर्ण फलसँग जोडिएको छ।

यहाँ एउटा कुरा बुझ्न आवश्यक छ। शास्त्रीय निर्देशको सामान्य सिद्धान्त र स्थानीय कर्मकाण्डको व्यावहारिक समय एउटै कुरा होइन। तिथि प्रवेश, समाप्ति, सूर्योदय-सूर्यास्त, स्थानविशेषको पञ्चाङ्ग र कुलाचारअनुसार वास्तविक श्राद्ध वा तर्पणको समय फरक पर्न सक्छ। त्यसैले अपराह्नकाललाई धर्मशास्त्रीय महत्व दिइएको भए पनि हरेक ठाउँमा एउटै घडीलाई अनिवार्य समय मान्नु उचित हुँदैन।

*पिता, पितामह र प्रपितामह*

पितृकर्ममा पिता, पितामह र प्रपितामहलाई विशेष स्थान दिइएको पाइन्छ। मनुस्मृतिमा भनिएको छ –

वसून् वदन्ति तु पितॄन् रुद्रांश्चैव पितामहान्।
प्रपितामहांस्तथादित्यान् श्रुतिरेषा सनातनी॥

धार्मिक व्याख्यामा पिता वसुस्वरूप, पितामह रुद्रस्वरूप र प्रपितामह आदित्यस्वरूप मानिने परम्परा छ।

यसै कारण पितृकर्ममा तीन पुस्तालाई विशेष स्थान दिइन्छ। यसको अर्थ पितृकर्म केवल तीन पुस्तामा सीमित हुन्छ भन्ने होइन। विभिन्न कुलपरम्परा र श्राद्धविधिमा माता, मातामह, मातामही तथा अन्य ज्ञात-अज्ञात दिवंगत आफन्तको स्मरण पनि गरिन्छ।

पितृ भनेको केवल पुरुष पूर्वजको संकुचित अर्थमा बुझ्नु हुँदैन। जसले जीवन, संस्कार, परिवार र परम्पराको निरन्तरतामा योगदान गरे, उनीहरू सबैको स्मृति पितृकर्मको व्यापक भावसँग जोडिन सक्छ।

*वैदिक कालमा पितृयज्ञ*

पितृहरूको स्मरण वैदिक धार्मिक परम्पराको पुरानो तहसम्म पुग्छ। ऋग्वेदमा पितृहरूलाई सम्बोधन गरिएका मन्त्र तथा सूक्तहरू पाइन्छन्। पितृहरूलाई आह्वान, हविष्य र सोमसँग सम्बन्धित धार्मिक कल्पनासँग जोडिएको देखिन्छ।

पितृहरूलाई सम्बोधन गरिएको एउटा वैदिक मन्त्र यस्तो छ –

उशन्तस्त्वा निधीमहि
उशन्तः समिधीमहि।
उशन्न आ वह वह
पितॄन् हविषे अत्तवे॥

वैदिक मन्त्रपरम्परामा पितृहरूको आह्वान र हविष्य अर्पणको धार्मिक भाव देखिन्छ। यसले पूर्वजप्रतिको श्रद्धा पुराणकालमा मात्र विकसित भएको नभई वैदिक धार्मिक जीवनको पुरानो तहसँग सम्बन्धित रहेको देखाउँछ।

समयसँगै पितृयज्ञको स्वरूप विस्तार हुँदै गयो। गृह्यसूत्र र धर्मसूत्रले श्राद्ध तथा पितृकर्मका विधिलाई व्यवस्थित गरे। स्मृतिग्रन्थहरूले तिथि, आचार, दिशा, भोजन, दान र तर्पणका विषयमा नियम प्रस्तुत गरे। महाभारत र पुराणहरूले त्यसमा आख्यान र धार्मिक अर्थ थपे।

यसरी आजको पितृकर्म हजारौँ वर्षमा विकसित हुँदै आएको सनातन परम्पराको वर्तमान रूप हो।

*निमि ऋषि र श्राद्धको कथा*

महाभारतको अनुशासन पर्वमा श्राद्धको उत्पत्तिसँग सम्बन्धित निमि ऋषिको कथा उल्लेखनीय छ।

युधिष्ठिरले भीष्मसँग श्राद्धको उत्पत्ति, यसको विधि र महत्वबारे प्रश्न गर्दा भीष्मले निमिको प्रसंग सुनाउँछन्। आफ्ना पुत्र श्रीमतको निधनपछि शोकाकुल निमिले पुत्रको सम्झनामा अन्न, फलफूल आदिको व्यवस्था गरी पितृकर्म गरे। त्यसपछि ऋषिहरूले पनि पितृका लागि श्राद्ध गर्न थालेको धार्मिक आख्यान महाभारतमा पाइन्छ। यस कथाको धार्मिक अर्थ गहिरो छ।

मृत्युले जन्माएको शोकलाई केवल विलापमा सीमित नगरी स्मृति, श्रद्धा, अर्पण र कर्तव्यमा रूपान्तरण गर्नु नै श्राद्धको सांस्कृतिक मर्मका रूपमा बुझ्न सकिन्छ। मानिसको दुःखलाई संस्कारमा रूपान्तरण गर्ने एउटा माध्यम बनेको छ– श्राद्ध।

कर्णको कथा र पितृदायित्व

पितृपक्षसँग जोडिएको अर्को लोकप्रिय धार्मिक कथा कर्णसँग सम्बन्धित छ।

दानवीर कर्णले जीवनभर सुन, चाँदी, गहना तथा अन्य वस्तु दान गरे। पितृका लागि अन्न-जल अर्पण नगरेको कथात्मक प्रसंग पुराण तथा लोकपरम्परामा पाइन्छ। मृत्युपछि पितृलोकमा त्यसैको परिणाम भोग्नुपरेको र उनलाई पृथ्वीमा फर्केर पितृका लागि श्राद्ध गर्ने अवसर दिइएको कथा प्रचलित छ।

यसलाई ऐतिहासिक तथ्यका रूपमा भन्दा पितृकर्मको महत्व बुझाउने धार्मिक-प्रतीकात्मक आख्यानका रूपमा बुझ्नु उपयुक्त हुन्छ।

यस कथाको सन्देश स्पष्ट छ कि समाजलाई दान गर्नु, परोपकार गर्नु र सार्वजनिक जीवनमा योगदान गर्नु महत्वपूर्ण भए पनि आफ्नो परिवार र पूर्वजप्रतिको स्मृति तथा दायित्व बिर्सनु हुँदैन।

*जल, तिल र कुश*

पितृ तर्पणमा जलको स्थान विशेष छ। जल जीवनको आधार हो। सनातन संस्कारमा जललाई शुद्धता, जीवन र पवित्रताको प्रतीकका रूपमा लिइन्छ।

स्नान, आचमन, अभिषेक, अर्घ्य र तर्पण–यी सबैमा जलको महत्वपूर्ण स्थान छ।

तिल पनि पितृकर्मको महत्वपूर्ण द्रव्य हो। तिल मिसाइएको जललाई तिलोदक भनिन्छ। कुश वैदिक कर्मकाण्डमा पवित्र वनस्पतिका रूपमा प्रयोग हुन्छ।

यसैले नदी किनारमा उभिएर हातमा कुश, जलमा तिल र मुखमा मन्त्र उच्चारण गर्दै गरिएको तर्पण बाहिरबाट सरल देखिए पनि त्यसको पछाडि लामो धार्मिक इतिहास छ।



पितृकर्ममा 'स्वधा' शब्दको विशेष महत्व छ। देवताका लागि अर्पण गर्दा 'स्वाहा' प्रयोग हुने परम्पराको तुलनामा पितृकर्ममा 'स्वधा' विशेष रूपमा प्रयोग हुन्छ।

सामान्य पितृस्मरण मन्त्र –

ॐ पितृभ्यः स्वधा नमः।
ॐ पितामहेभ्यः स्वधा नमः।
ॐ प्रपितामहेभ्यः स्वधा नमः।८८

त्यस्तै –

देवताभ्यः पितृभ्यश्च महायोगिभ्य एव च।
नमः स्वधायै स्वाहायै नित्यमेव नमो नमः॥

यी मन्त्रहरूले पितृ, देवता र स्वधा-स्वाहाप्रतिको श्रद्धाभाव व्यक्त गर्छन्।

*तर्पण र श्राद्ध एउटै होइनन्*

पितृकर्मबारे धेरैपटक एउटा भ्रम देखिन्छ कि तर्पण र श्राद्धलाई एउटै मान्ने।

यी दुवै पितृकर्मसँग सम्बन्धित भए पनि एउटै होइनन्।

श्राद्ध व्यापक कर्म हो। त्यसमा संकल्प, पितृआव्हान, पिण्डदान, तर्पण, ब्राह्मण सत्कार, भोजन, दक्षिणा तथा अन्य कर्म समावेश हुन सक्छन्।

तर्पण भने मुख्यतः जल तथा तिलजस्ता द्रव्यद्वारा पितृलाई अर्पण गर्ने कर्म हो।

अर्थात् कुनै श्राद्धमा तर्पण एउटा अंग हुन सक्छ, तर हरेक तर्पणलाई पूर्ण श्राद्ध भन्न मिल्दैन।

यही भिन्नता बुझ्नु पितृकर्मको विधि बुझ्न महत्वपूर्ण छ।

*पार्वण श्राद्ध के हो ?*

विशेष पर्व, तिथि वा पितृसम्बन्धी अवसरमा गरिने श्राद्धलाई पार्वण श्राद्ध भनिन्छ। पितृपक्षमा दिवंगत पितृको मृत्यु भएको तिथिमा श्राद्ध गर्ने परम्परा छ।

त्यस दिन संकल्प, पितृस्मरण, पिण्डदान, तर्पण, भोजन, दान तथा दक्षिणाजस्ता कर्म कुलपरम्पराअनुसार गरिन्छ।

यसकारण पितृपक्षलाई 'सबैले सोह्रै दिन एउटै प्रकारको श्राद्ध अनिवार्य रूपमा गर्नुपर्ने अवधि' भनेर बुझ्नु ठीक हुँदैन।

पितृको मृत्यु तिथि थाहा भए मुख्य श्राद्ध सोही तिथिमा गर्ने परम्परा हो। तिथि थाहा नभएको, छुटेको वा विशेष परिस्थितिमा सर्वपितृ अमावस्यालाई महत्वपूर्ण अवसर मानिन्छ।

*यस वर्षको सोह्रश्राद्ध*

वि.सं. २०८३ सालमा पूर्णिमा श्राद्ध असोज १० गते परेको छ। त्यसपछि असोज ११ गतेदेखि आश्विन कृष्ण प्रतिपदासँगै पितृपक्षको मुख्य क्रम अघि बढ्छ।

यस वर्षको तिथिक्रमलाई स्पष्ट रूपमा राख्दा –

| मिति | तिथि | श्राद्ध |
| --- | --- | --- |
| असोज १० | पूर्णिमा | पूर्णिमा श्राद्ध |
| असोज ११ | प्रतिपदा | प्रतिपदा श्राद्ध |
| असोज १२ | द्वितीया | द्वितीया श्राद्ध |
| असोज १३ | तृतीया | तृतीया श्राद्ध |
| असोज १४ | चतुर्थी | चतुर्थी श्राद्ध |
| असोज १५ | पञ्चमी | पञ्चमी श्राद्ध |
| असोज १६ | षष्ठी | षष्ठी श्राद्ध |
| असोज १७ | सप्तमी | सप्तमी श्राद्ध |
| असोज १८ | अष्टमी | अष्टमी श्राद्ध |
| असोज १९ | नवमी | नवमी/मातृनवमी |
| असोज २० | दशमी | दशमी श्राद्ध |
| असोज २१ | एकादशी | एकादशी श्राद्ध |
| असोज २२ | द्वादशी | द्वादशी/मघा श्राद्ध |
| असोज २३ | त्रयोदशी/चतुर्दशी | क्रम सम्बन्धित तिथि श्राद्ध |
| असोज २४ | औंसी | सर्वपितृ अमावस्या तथा पितृ विसर्जन |

तिथिको व्यावहारिक निर्धारणमा स्थानीय पञ्चाङ्ग र तिथि प्रवेश- समाप्तिको गणना महत्वपूर्ण हुने भएकाले कर्मकाण्डको वास्तविक समयका लागि आफ्नो क्षेत्रको मान्य पञ्चाङ्ग तथा कुलाचारलाई आधार मान्नु उपयुक्त हुन्छ।

यहाँ एउटा कुरा स्पष्ट हुनुपर्छ कि षष्ठी दोहोरिँदैन। असोज १६ गते नै षष्ठी श्राद्ध हो। चतुर्थी असोज १४ गते, पञ्चमी असोज १५ गते र षष्ठी असोज १६ गते क्रमशः आउँछन्।

पूर्णिमा श्राद्धलाई समेत गणनामा राखेर 'सोह्रश्राद्ध' को परम्परा बुझिन्छ। मुख्य पितृपक्ष भने प्रतिपदादेखि अमावस्यासम्मको कृष्णपक्षसँग सम्बन्धित हुन्छ।

*तर्पण कति दिन गर्ने ?*

अब अर्को प्रश्न उठ्छ कि पितृ तर्पण कति दिन गर्ने?

यसको उत्तर श्राद्धसँग मिसाउनु हुँदैन।

पितृपक्षको अवधि असोज ११ देखि असोज २४ गतेसम्म भए पनि सबै गृहस्थले अनिवार्य रूपमा एउटै प्रकारको तर्पण लगातार सबै दिन गर्नुपर्छ भन्ने एउटै नियम छैन।

पितृको मृत्यु तिथि थाहा छ भने मुख्य श्राद्ध र तर्पण सोही तिथिमा गर्ने परम्परा हो। कतिपय परिवारमा पितृपक्षभरि दैनिक तर्पण गर्ने कुलाचार हुन्छ। कतिपयले विशेष संकल्प लिएर नियमित तर्पण गर्छन्।

त्यसैले आफ्नो कुलाचार, गृह्यपरम्परा, वेदशाखा र आचार्यको निर्देशनलाई आधार मान्नु उपयुक्त हुन्छ।

अर्थात् – 'सोह्रश्राद्ध भयो, त्यसैले सबैले सोह्रै दिन अनिवार्य रूपमा एउटै प्रकारको तर्पण गर्नुपर्छ' भन्ने निष्कर्ष मात्र शास्त्रीय परम्पराको एकमात्र व्याख्या होइन। पितृकर्ममा तिथि प्रधान हुन्छ।

*महालया अमावस्या र पितृ विसर्जन*

पितृपक्षको अन्तिम दिनलाई विशेष महत्व दिइन्छ। सर्वपितृ अमावस्याका रूपमा चिनिने यस दिन आफ्नो पितृको निश्चित तिथि थाहा नभएका, तिथि छुटेका वा ज्ञात-अज्ञात सम्पूर्ण पितृको सामूहिक स्मरण गर्ने धार्मिक परम्परा छ।

यस वर्ष असोज २४ गते औँसी परेको छ। यही दिन पितृ विसर्जन तथा औँसी श्राद्ध गरिन्छ।

महालया शब्दसँगै पितृपक्षको भाव अझ व्यापक हुन्छ। व्यक्तिगत पितृको स्मृतिबाट सम्पूर्ण पितृसमुदायतर्फ श्रद्धा विस्तार हुन्छ।

यसैले सर्वपितृ अमावस्या एउटा परिवारको मात्र स्मृति होइन; ज्ञात-अज्ञात सबै पूर्वजप्रतिको सामूहिक श्रद्धाको अवसरका रूपमा बुझिन्छ।

*मातृनवमी : आमाको स्मरण*

पितृपक्षको नवमीलाई पनि विशेष महत्व दिइन्छ। मातृनवमीका रूपमा प्रचलित यस दिन दिवंगत आमा, बज्यै तथा मातृपक्षका महिलाको स्मरण गर्ने परम्परा छ।

यसले पितृकर्म केवल पुरुष पूर्वजको स्मरणमा सीमित छैन भन्ने महत्वपूर्ण सांस्कृतिक सन्देश दिन्छ।

जसरी जीवनमा आमाको स्थान अपरिहार्य छ, त्यसरी नै पितृस्मृतिमा मातृपक्षको स्थान पनि महत्वपूर्ण छ।

यही सन्दर्भमा गीता देवीको नदी किनारमा गरिएको तर्पणलाई केवल 'महिलाले तर्पण गरिन्' भन्ने दृश्यमा सीमित गर्नु उचित हुँदैन।

विभिन्न सम्प्रदाय, कुल, क्षेत्र र गृह्यपरम्परामा पितृकर्मका विधिमा अन्तर पाइन्छ। त्यसैले महिलाले तर्पण गर्न मिल्छ वा मिल्दैन भन्ने प्रश्नमा सबै परम्पराका लागि एउटै सार्वभौम निष्कर्ष दिनुभन्दा सम्बन्धित कुलाचार र आचार्यको विधिलाई आधार मान्नु सावधानीपूर्ण हुन्छ।

गीतादेवीले व्यक्त गरेको मूल भावना–पूर्वजलाई सम्झने र श्रद्धा व्यक्त गर्ने–पितृकर्मको केन्द्रमा रहेको भावसँग जोडिन्छ।

*कसलाई तर्पण गर्ने?*

पितृ तर्पणमा कसलाई सम्झने भन्ने प्रश्न पनि उत्तिकै महत्वपूर्ण छ।

परम्परागत रूपमा पिता, पितामह र प्रपितामहलाई विशेष स्थान दिइन्छ। त्यसैगरी माता, मातामह, मातामही तथा अन्य दिवंगत आफन्तको स्मरण गर्ने परम्परा पनि विभिन्न श्राद्धविधिमा पाइन्छ।

सन्तान नभई दिवंगत भएका आफन्त, परिवारमा स्मरण गरिनुपर्ने अन्य पूर्वज तथा नाम-गोत्र थाहा नभएका ज्ञात-अज्ञात पितृलाई विशेषतः सर्वपितृ अमावस्यामा सम्झने धार्मिक भावना पाइन्छ।

तर्पण गर्दा पितृको नाम र गोत्र थाहा भए उच्चारण गर्ने परम्परा छ।

उदाहरणका रूपमा –

ॐ गोत्रे गोत्रस्य मम पिता नामे वसुरूपः तृप्यताम्।
इदं तिलोदकं तस्मै स्वधा नमः।

पितामहका लागि –

ॐ गोत्रे गोत्रस्य मम पितामहः नामे रुद्ररूपः तृप्यताम्।
इदं तिलोदकं तस्मै स्वधा नमः।

प्रपितामहका लागि –

ॐ गोत्रे गोत्रस्य मम प्रपितामहः नामे आदित्यरूपः तृप्यताम्।
इदं तिलोदकं तस्मै स्वधा नमः।

यी उदाहरणीय मन्त्र हुन्। वास्तविक श्राद्धकर्ममा आफ्नो कुलाचार, वेदशाखा तथा पुरोहितले सिकाएको मन्त्र र विधिलाई नै आधार मान्नु उचित हुन्छ।

*पितृ तर्पण : परिवारको मौखिक इतिहास*

पितृकर्मको एउटा सुन्दर विशेषता नाम र स्मृतिको सम्बन्ध हो।

जल अर्पण गर्दा केवल 'कसैलाई' होइन, आफ्नो पिता, आफ्नो बाजे, आफ्नो परबाजे, आफ्नो आमा, आफ्नी बज्यै र आफ्ना पूर्वजको स्मरण गरिन्छ।

त्यसैले तर्पण एउटा धार्मिक क्रियासँगै परिवारको मौखिक इतिहास जोगाउने अवसर पनि हो।

आजका धेरै बालबालिकालाई आफ्ना हजुरबा-हजुरआमाको पूरा नामसमेत थाहा नहुन सक्छ। त्यसपछिका पुस्ताको कुरा त भन्ने टाढाको हुन सक्छ।

यस्तो अवस्थामा पितृपक्ष परिवारका ज्येष्ठ सदस्यले आफ्ना सन्तानलाई भन्न सक्ने अवसर हो –

हाम्रा बाजे को थिए ?
हाम्रो परिवार कहाँबाट आयो ?
हाम्रा पूर्वजले के गरे ?
उनीहरूले कस्तो जीवन बाँचे ?
कुन कठिनाइ पार गरेर परिवारलाई यहाँसम्म ल्याए ?

यस्ता प्रश्नको उत्तर खोज्दै जाँदा पितृ तर्पण एउटा धार्मिक कर्मबाट पारिवारिक स्मृतिको सामाजिक संस्थामा रूपान्तरण हुन्छ।

*श्राद्ध, दान र सामाजिक उत्तरदायित्व*

पितृकर्ममा अन्न, जल र दानको पनि महत्वपूर्ण स्थान छ। परम्परागत श्राद्धमा ब्राह्मणभोजन तथा दक्षिणाको विधान पाइन्छ।

यसको मूल भाव धार्मिक कर्ममा सहभागी व्यक्तिलाई सम्मानपूर्वक भोजन गराउनु र दान गर्नु हो।

समयसँगै समाजको स्वरूप बदलिएको छ। कतिपय परिवारले परम्परागत विधिअनुसार ब्राह्मण भोजन गराउँछन् भने कतिपयले पितृको सम्झनामा गरिब, असहाय वा आवश्यकतामा रहेका व्यक्तिलाई भोजन तथा सहयोग गर्ने अभ्याससमेत गरेका छन्।

परम्परागत श्राद्धविधि र सामाजिक सेवाबीचको सम्बन्ध बुझ्दा आफ्नो कुलाचारलाई आधार बनाउनु आवश्यक छ।

पितृको नाममा गरिएको दानको मूल्य केवल रकममा हुँदैन। त्यसमा निहित भावना महत्वपूर्ण हुन्छ।

*नदी र हाम्रो जिम्मेवारी*

पितृ तर्पणको प्रकृतिसँगको सम्बन्ध पनि अर्थपूर्ण छ। जल, तिल, कुश, अन्न र फलफूलजस्ता प्राकृतिक द्रव्य प्रयोग हुने भएकाले यो कर्म प्रकृतिसँग प्रत्यक्ष जोडिएको देखिन्छ। नदी, पोखरी, तीर्थ वा जलाशयमा तर्पण गर्ने परम्परा पनि यसैसँग सम्बन्धित छ।

आज नदीमा तर्पण गर्दा अर्को जिम्मेवारी पनि जोडिएको छ– नदीलाई प्रदूषित नगर्ने।

प्लास्टिक, रासायनिक वस्तु, कृत्रिम सामग्री वा कुहिन कठिन वस्तु नदीमा फालेर धार्मिक कर्मको नाममा जल प्रदूषित गर्नु परम्पराको मूल भावसँग मेल खाँदैन।

जललाई पवित्र मान्ने संस्कारले जल संरक्षणको जिम्मेवारी पनि सम्झाउँछ।

पितृलाई अर्पण गरेको जल सफा नदीमा मिसियोस् भन्ने चाहना राख्ने संस्कारले नदीलाई फोहोर बनाउने अधिकार दिँदैन।

*पितृऋण आर्थिक ऋण होइन*

पितृऋणलाई आर्थिक ऋणका रूपमा बुझ्नु गलत हुन्छ।

पितृऋण भनेको जीवन, संस्कार, परिवार, भाषा, संस्कृति र अस्तित्वको स्रोतप्रति कृतज्ञता र दायित्व हो।

हिन्दू जीवनदर्शनमा पितृऋणलाई केवल सन्तान जन्माउने दायित्वमा सीमित गर्नु पनि पर्याप्त हुँदैन।

यसको व्यापक अर्थ हो–अभिभावकको सम्मान, परिवारको इतिहासको संरक्षण, संस्कारको निरन्तरता, वृद्ध पुस्ताको सम्मान र भावी पुस्तालाई जिम्मेवार समाज हस्तान्तरण गर्नु।

त्यसैले पितृकर्मको एउटा सुन्दर नैतिक सूत्र हुन सक्छ –

"मृत पितृलाई तर्पण र जीवित पितृलाई सम्मान।"

जल अर्पण गरेर दिवंगत आमाबुबालाई

बाँकी ६ पृष्ठमा

